# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश

## प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, तेस्रो तह, वन रक्षकको प्रतियोगितात्मक परीक्षाको पाठयक्रम एवम् परीक्षा योजना

पाठ्यक्रमको रुपरेखाः यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छः-

प्रथम चरणः लिखित परीक्षा पूर्णाङ्कः ३०

द्वितीय चरणः शारीरिक तन्दुरुस्ती परीक्षण पूर्णाङ्कः ५०

तृतीय चरणः अन्तर्वार्ता पूर्णाङ्कः २०

### परीक्षा योजना (Examination Scheme)

| चरण | परीक्षा | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या x अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | लिखित परीक्षा | ३० | १२ | वस्तुगत बहुवैकल्पिक प्रश्न | ६० प्रश्न x ०.५अङ्क | ५० मिनेट |
| द्वितीय | शारीरिक तन्दुरुस्ती परीक्षण | ५० | | प्रयोगात्मक | | |
| तृतीय | अन्तरवार्ता | २० | | | | |

द्रष्टव्यः-

१. शारीरिक तन्दुरुस्ती परीक्षणको योजनाको बुँदा नं. (क) शारीरिक परीक्षणमा तोकिएको मापदण्ड पुग्ने उम्मेदवारहरुले मात्र दरखास्त भर्न सक्ने व्यहोराको जानकारी दिई/खुलाई विज्ञापन सूचना प्रकाशित गरिनेछ। शारीरिक परीक्षणमा तोकिएको मापदण्डमा अन्यथा हुन गएमा उम्मेद्वार स्वंय जवाफदेही हुनुपर्नेछ।

२. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

४. लिखित परीक्षामा उत्तीर्णाङ्क प्राप्त गरेका उम्मेद्वारहरुलाई द्वितीय चरणको शारीरिक तन्दुरुस्ती परीक्षामा सहभागी गराइनेछ ।

५. द्वितीय चरणको शारीरिक परीक्षणमा छनौट भएका उम्मेदवारहरु मात्र तन्दुरुस्ती परीक्षामा भाग लिन पाउने छन्।

६. तृतीय चरणको अन्तर्वार्ताको लागि उम्मेद्वार छनौट गर्दा प्रथम चरणको लिखित परीक्षामा प्राप्त अङ्क र द्वितीय चरणको तन्दुरुस्ती परीक्षाका सबै इभेन्टमा सफल भएका उम्मेद्वारले तन्दुरुस्ती परीक्षामा प्राप्त अङ्कको कुल योगका आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने मापदण्ड अनुसार नै उम्मेदवारको नाम समावेश गरिनेछ।

७. यस पाठ्यक्रममा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन, नियमहरु तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ।

८. शारीरिक तन्दुरुस्ती परीक्षणसँग सम्बन्धित परीक्षा सञ्चालन गर्न आवश्यक पर्ने सम्पूर्ण सामग्री साधन श्रोत उपलब्ध गराउने दायित्य माग गर्ने सम्बन्धित निकायमा रहनेछ।

९. शारीरिक तन्दुरुस्ती परीक्षण साधन स्रोत उपलब्ध हुने तोकिएको स्थानमा मात्र हुनेछ।

१०. प्रथम चरणको लिखित परीक्षाको अङ्क, द्वितीय चरणको शारीरिक तन्दुरुस्ती परीक्षणको अङ्क र अन्तर्वार्ताको अङ्क जोडी योग्यताक्रम अनुसार अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ।

११. पाठ्यक्रम लागू मितिः- २०८१।१०।०७

## प्रथम चरणः लिखित परीक्षाको पाठ्यक्रम

निम्नलिखित विषयहरुमा सामान्य जानकारी/ज्ञानः

- नेपालमा पाइने तथा गण्डकी प्रदेशमा पाइने वन/जङ्गल, वनस्पति लगायत वन्यजन्तुहरुको किसिम र वन प्रजाति बारे जानकारी
- वन संरक्षण तथा वन अपराध नियन्त्रण र यस सम्बन्धी लागू हुने ऐन र नियम
- वन क्षेत्रमा गस्ती गर्दा ध्यान दिनु पर्ने कुराहरु
- वन मापन सम्बन्धी जानकारी
- वन पैदावर छपान, कटान, मुछान र घाटगद्दी
- टाचा, दरपिठ, सिल, छोडपुर्जी र वन पैदावर ओसारपसार
- हिरासतमा रहेका अभियुक्तहरुको बारेमा ध्यान दिनु पर्ने कुराहरु
- दुर्लभ तथा प्रतिबन्धित वनस्पती र वन्यजन्तुहरु
- माउ रुख पहिचान, बीउ संकलन, विरुवा उत्पादन/नर्सरी कार्य र वृक्षारोपण
- वनको किसिम र वन प्रजातिहरु सम्बन्धी
- वन संरक्षणमा देखिएका मुख्य समस्या/ चुनौतिहरु (वन डढेलो, अतिक्रमण र चरिचरण)
- वन्यजन्तुहरुको उद्धार र नियन्त्रण
- मानव वन्यजन्तु विचको द्वन्द न्यूनीकरण
- राष्ट्रिय वन, सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन, वन संरक्षण क्षेत्र र निजी वन सम्बन्धी जानकारी
- वन विकाससँग सम्बन्धी प्रचार प्रसारका सामग्री तथा यिनीहरुको उपयोगिता
- दिगो वन व्यवस्थापन वारे सामान्य जानकारी
- बिरुवा तथा जडिबुटीको सामान्य परिचय र उपयोगिता
- गण्डकी प्रदेशमा पाइने चराचुरुङ्गीबारे सामान्य जानकारी
- प्रदेश सरकार अन्तरगतको वन, वातावरण र भू—संरक्षण सम्बन्धी विषय हेर्ने मन्त्रालय र अन्तर्गतका निकायहरुको सांगठानिक संरचना
- वन ऐन, २०७६ र वन नियमावली, २०७९ को सामान्य जानकारी
- गण्डकी प्रदेश वन ऐन २०८०, नियमावली २०८१, निर्देशिका र कार्यविधिहरु बारे सामान्य जानकारी
- राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र नियमावली २०३० बारे सामान्य जानकारी
- गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र नियमावली, २०७९ का मुख्य व्यवस्थाहरु (नियुक्ति, बढुवा, विदा, आचारण, सजाय, अवकाश) बारे सामान्य जानकारी।

## द्वितीय चरणः- शारीरिक तन्दुरुस्ती परीक्षणको योजना

(क) शारीरिक परीक्षण

| सि.नं. | विवरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|
| १. | उचाइ | ५ फिट २ इन्च (५" २") | ५फिट |
| २. | छाती | ३१-३३ इन्च (३१"– ३३") | × – × |
| ३. | वजन | ५० के.जी. | ४२ के.जी. |
| ४. | आँखा परीक्षण | २ देखि - २ भन्दा कमजोर नभएको | २ देखि - २ भन्दा कमजोर नभएको |
| ५. | Color Vision Test | रंग पहिचान सम्बन्धि दोष नभएको | रंग पहिचान सम्बन्धि दोष नभएको |

(ख) तन्दुरुस्ती परीक्षा

| सि.नं. | परीक्षाका इभेन्टहरु (**Events)** | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| १ | २०० मिटर दौड | २० | यस परीक्षाका इभेण्टहरु शुरु गर्दा सि.नं. १ देखि क्रमशः ४ सम्म गर्नु पर्ने छ। सि.नं. १ अर्थात अगाडिको इभेण्टमा असफल हुने उम्मेदवारहरु त्यसपछिको इभेण्टमा सहभागी हुन पाउने छैनन। |
| २ | ३००० मिटर दौड | २० | |
| ३ | रुख चड्ने | ५ | |
| ४ | पौडी | ५ | |

**नोटः—तन्दुरुस्ती परीक्षाको मूल्यांकन विधि**

१) २०० मिटर दौड

| **पुरुष** | | **महिला** | |
|---|---|---|---|
| **विवरण** | **अङ्क** | **विवरण** | **अङ्क** |
| २८ सेकेन्ड सम्म | २० | ३४ सेकेन्ड सम्म | २० |
| २८.१ सेकेन्ड देखि ३२ सेकेन्ड सम्म | १५ | ३४.१ सेकेन्ड देखि ३८ सेकेन्ड सम्म | १५ |
| ३२.१ सेकेन्ड देखि ३६ सेकेन्ड सम्म | १० | ३८.१ सेकेन्ड देखि ४२ सेकेन्ड सम्म | १० |
| ३६.१ सेकेन्ड वा सो भन्दा बढी | असफल | ४२.१ सेकेन्ड वा सो भन्दा बढी | असफल |

२. ३००० मिटर दौड

| पुरुष | | महिला | |
|---|---|---|---|
| **विवरण** | **अङ्क** | **विवरण** | **अङ्क** |
| १२ मिनेट सम्म | २० | १४ मिनेट सम्म | २० |
| १२.१ मिनेट देखि १४ मिनेट सम्म | १५ | १४.१ मिनेट देखि १६ मिनेट सम्म | १५ |
| १४.१ मिनेट देखि १६ मिनेट सम्म | १० | १६.१ मिनेट देखि १८ मिनेट सम्म | १० |
| १६.१ मिनेट भन्दा बढी | असफल | १८.१ मिनेट भन्दा बढी | असफल |

३. रुख चढ्ने

| पुरुष | | महिला | |
|---|---|---|---|
| **विवरण** | **अङ्क** | **विवरण** | **अङ्क** |
| ७ मि.सम्म रुख चढ्ने | ५ | ५ मि.सम्म रुख चढ्ने | ५ |
| ७ मि.सम्म रुख चढ्न नसक्ने | असफल | ५ मि.सम्म रुख चढ्न नसक्ने | असफल |

४. पौडी खेल्ने (नदी/नाला, ताल)

| पुरुष | | महिला | |
|---|---|---|---|
| **विवरण** | **अङ्क** | **विवरण** | **अङ्क** |
| ४.५ मि.सम्म दुरी पौडी खेली तर्ने | ५ | ३.५ मि.सम्म दुरी पौडी खेली तर्ने | ५ |
| ४.५ मि.सम्म पौडी खेल्न नसक्ने | असफल | ३.५ मि.सम्म पौडी खेल्न नसक्ने | असफल |

**प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, तेस्रो तह, वन रक्षक पदको लागि नमूना प्रश्नहरु**

१. गण्डकी प्रदेशभर कति वटा डिभिजन वन कार्यालयहरु छन्?

A. 10 B. 11 C.12 D.13

२. वन रक्षकले गर्नुपर्ने मुख्य कार्यहरु के-के हुन्?

A. वनजंगलको नियमित गस्ती गरी चोरी निकासी नियन्त्रण गर्ने

B. सामुदायिक वनको योजना बनाउने

C. डिभिजन वन कार्यालयको रेखदेख गर्ने

D. डिभिजनल वन अधिकृतको सुरक्षा गर्ने

३. क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज कुन हो?

A. बर्दिया B. शे-फोक्शुण्डो C. सगरमाथा D. चितवन

४. सामुदायिक वनमा गर्न नहुने कार्यहरु के-के हुन्?

A. विना ईजाजत घर टहरा बनाउन

B. जग्गा धितो बन्धकी राख्न

C. ढुंगा, माटो, बालुवा संकलन गर्न

D. माथिका सबै

५. वन क्षेत्रमा गस्ती गर्दा ध्यानदिनु पर्ने कुराहरु के के हुन्?

A. गस्तीको समयमा अपराधीहरुबाट बच्न एक आपसमा कोड भाषा प्रयोग गरी ठूलो स्वरमा बोल्दै हिड्नुपर्छ ।

B. जाडोको मौसममा रात्रीको समयमा गस्ती गर्दा सुरक्षाको लागि जङ्गलमा आगो बालेर बस्नुपर्छ।

C. गस्ती गर्दा जुत्ता लगाउनु नै पर्ने हुँदैन ।

D. माथिका कुनै पनि होईनन् ।

६. बाघको बच्चालाई के भनिन्छ?

A. छावा B. पाडा C. केटो D. डमरु

७. जंगल गस्ती गर्दा सामान्य घाईते जनावर भेटिएमा के गर्नुपर्छ?

A. प्रहरीलाई खबर गरी जिम्मा लगाउनुपर्छ ।

B. नजिकको सवडिभिजन वा डिभिजन वन कार्यालयमा ल्याई सामान्य उपचारबाट ठिक भएमा वासस्थान सुहाउँदो जंगलमा छाड्नु पर्छ ।

C. चिडियाखानामा पुऱ्याउनु पर्छ ।

D. माथिका सबै ।